नपाल सरकार

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

(योजना अनुगमन तथा मूल्यांकन महाशाखा)

नीति, योजना तथा कार्यक्रम शाखा

सिंहदरबार, काठमाडौं

पत्र संख्या: २०७६/७७

च.नं. यो. २७३ | १२१६

मिति:२०७६/१२/०९

विषय: मार्गदर्शन कार्यान्वयन सम्बन्धमा।

श्री भूमि सुधार तथा मालपोत कार्यालय सबै ।

श्री मालपोत कार्यालय सबै ।

श्री नापी कार्यालय सबै ।

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ ले भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयलाई सरकारी, सार्वजनिक, गुठी, सामुदायिक तथा पर्ती जग्गाको संरक्षणको जिम्मेवारी तोकेको र मालपोत ऐनको दफा २९ मा सरकारी तथा सार्वजनिक जग्गा आवाद गरे गराएमा जरिवाना गरी बझाइदिने व्यवस्था गरेको सन्दर्भमा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १२ को उपदफा (२) ख (२) मा सार्वजनिक, ऐलानी, पर्ती जग्गाको लगत राख्ने तथा संरक्षण गर्ने तथा स्थानीय प्रशासन ऐन २०२८ को दफा ९ को उपदफा ६क बमोजिम सरकारी सार्वजनिक जग्गाको अतिक्रमण रोक्ने अधिकार प्रमुख जिल्ला अधिकारीलाई दिएकोमा नेपाल सरकार र स्थानीय तहविचको समन्वयमा सरकारी, सार्वजनिक जग्गाको संरक्षण गर्न वान्छनिय देखिएकोले सरकारी, सार्वजनिक जग्गाको प्रोफाईल तयार गर्ने, सरकारी सार्वजनिक जग्गाको स्पष्ट रुपमा सिमांकन गर्ने र जग्गाको जानकारी सहितको बोर्ड राख्ने व्यवस्था मिलाउन कानुनमा व्यवस्था भए बमोजिमको कार्य गर्न गराउन मालपोत कार्यालय, नापी कार्यालय, जिल्ला प्रशासन कार्यालय र स्थानीय तहलाई समन्वयात्मक रूपमा कृयाशील बनाउन "सरकारी सार्वजनिक जग्गा संरक्षण सम्बन्धी मार्गदर्शन, २०७६" स्वीकृत गरी सो को कार्यान्वयनको लागि गृह मन्त्रालय मार्फत सबै जिल्ला प्रशासन कार्यालय र संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत सबै स्थानीय तहहरुलाई अनुरोध पठाउने र सबै भूमिसुधार तथा मालपोत कार्यालय, मालपोत कार्यालय र नापी कार्यालयलाई मार्गदर्शन बमोजिम गर्न गराउन निर्देशन दिने भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय (माननीय मन्त्रीस्तर) को मिति २०७६।१२।५ को निर्णयानुसार "सरकारी सार्वजनिक जग्गा संरक्षण सम्बन्धी

नपाल सरकार

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

(योजना अनुगमन तथा मूल्यांकन महाशाखा)

नीति, योजना तथा कार्यक्रम शाखा

सिंहदरबार, काठमाडौं

पत्र संख्याः २०७६/७७

च.नं. यो.

मार्गदर्शन, २०७६" समेत आवश्यक कारवाहीका लागि यसै साथ संलग्न राखी पठाईएको व्यहोरा अनुरोध छ ।

.....

(ई.निशा अधिकारी)

नापी अधिकृत

बोधार्थ:

श्री नापी विभाग, मिनभवन काठमाडौं।

श्री भूमि व्यवस्थापन तथा अभिलेख विभग, बबरमहल काठमाडौं।

सरकारी सार्वजनिक जग्गा संरक्षण सम्बन्धी मार्गदर्शन, २०७६

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ ले भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयलाई सरकारी, सार्वजनिक, गुठी, सामुदायिक तथा पर्ती जग्गाको संरक्षणको जिम्मेवारी तोकेको र मालपोत ऐनको दफा २९ मा सरकारी तथा सार्वजनिक जग्गा आवाद गरे गराएमा जरिवाना गरी बझ्याइदिने व्यवस्था गरेको सन्दर्भमा स्थानिय सरकार संचालन ऐन २०७४ को दफा १२ को उपदफा (२) को देहाय ख को विषय संख्या (२) मा सार्वजनिक, ऐलानी, पर्ती जग्गाको लगत राख्ने तथा संरक्षण गर्ने तथा स्थानिय प्रशासन ऐन, २०२८ को दफा ९ को उपदफा (६क) बमोजिम सरकारी सार्वजनिक जग्गाको अतिक्रमण रोक्ने अधिकार प्रमुख जिल्ला अधिकारीलाई भएकोमा नेपाल सरकार र स्थानिय तहविचको समन्वयमा सरकारी, सार्वजनिक जग्गाको संरक्षण गर्न वान्छनिय देखिएकोले सरकारी, सार्वजनिक जग्गाको प्रोफाईल तयार गर्ने, सरकारी र सार्वजनिक जग्गाको स्पष्ट रुपमा सिमांकन गर्ने र त्यस्तो जग्गाको विवरण सहितको बोर्ड राख्ने व्यवस्था मिलाउन कानुनमा व्यवस्था भए बमोजिमको कार्य गर्न गराउन मालपोत कार्यालय, नापी कार्यालय, जिल्ला प्रशासन कार्यालय र स्थानिय तहलाई समन्वयात्मक रूपमा कृयाशील बनाउन भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयले सरकारी सार्वजनिक जग्गा संरक्षण सम्बन्धी मार्गदर्शन, २०७६ जारी गरेको छ ।

१. प्रत्येक स्थानिय तहले सरकारी र सार्वजनिक जग्गाको संरक्षण गर्न त्यस्तो जग्गाको प्रोफाईल तयार गर्नको लागि सम्बन्धित मालपोत कार्यालय र नापी कार्यालयबाट आफ्नो क्षेत्र भित्रको सम्पुर्ण सरकारी र सार्वजनिक जग्गाको लगत र नक्शा माग गर्नु पर्नेछ।

२. बुँदा १ बमोजिम माग गरेको लगत र नक्शा सम्बन्धीत स्थानिय तहलाई उपलब्ध गराउने जिम्मेवारी सम्बन्धित मालपोत कार्यालय र नापी कार्यालयको हुनेछ ।

३. बुँदा १ बमोजिम सरकारी र सार्वजनिक जग्गाको लगत र नक्शा प्राप्त भए पश्चात स्थानिय तहले अतिक्रमित सरकारी र सार्वजनिक जग्गाको अतिक्रमण हटाउनु पर्ने र अतिक्रमणको जोखिममा रहेका जग्गाहरुको पहिचान गरी संरक्षणको योजना बनाउनु पर्नेछ ।

४. सरकारी र सार्वजनिक जग्गाको संरक्षण गर्ने प्रयोजनार्थ जग्गा छुट्टाउन आवश्यक छ भनी स्थानिय तहलाई लागेमा स्थानिय तहले सम्बन्धित नापी कार्यालयलाई जग्गा यकिन गरिदिन लेखिपठाउनु पर्नेछ ।

५. बुँदा ४ बमोजिम सरकारी र सार्वजनिक जग्गा छुट्टाउन स्थानिय तहबाट लेखि आएमा सम्बन्धित नापी कार्यालयले प्राविधीक कर्मचारी खटाई जग्गा छुट्टाई दिनु पर्नेछ । यसरी जग्गा छुट्टाउँदा स्थानिय

तहले स्थानिय जग्गाधनी, संधियारहरु, भद्रभलादमी र स्थानिय जनप्रिनिधीको रोहबरमा छुट्टाउनु पर्नेछ।

६. बुँदा ५ बमोजिम सरकारी र सार्वजनिक जग्गा छुट्टाउन खटिने कर्मचारीको भ्रमण खर्च सम्बन्धित स्थानिय तहले व्यहोर्नु पर्नेछ ।

७. बुँदा ५ बमोजिम नापी कार्यालयको प्राविधिकले सरकारी र सार्वजनिक जग्गा छुट्टाई सकेपछी सो जग्गा भौतिक रुपमा संरक्षण गर्ने दायीत्व सम्बन्धित स्थानिय तहको हुनेछ ।

८. बुँदा ५ बमोजिम छुट्टाईएको सरकारी र सार्वजनिक जग्गालाई स्थानिय तहले स्थायी सिमा चिन्ह वा तारबार वा पर्खाल लगाई उपयुक्त किसिमबाट संरक्षण गरी राख्नु पर्नेछ ।

९. यस कार्यविधी बमोजिम सरकारी र सार्वजनिक जग्गा छुट्टाउन वा सो जग्गाको अतिक्रमण हटाउन स्थानिय तहले स्थानिय स्तरमा आवश्यक सहमती वा समझदारी जुटाउनु पर्नेछ ।

१०. बुँदा ९ बमोजिमको सहमती वा समझदारी कायम हुन नसकेमा स्थानिय तहले सरकारी, सार्वजनिक जग्गा छुट्टाउन वा सो जग्गाको अतिक्रमण हटाउन स्थानिय प्रशासनको सहयोग लिन सक्नेछ ।

११. बुँदा १० बमोजिम स्थानिय तहले सार्वजनिक जग्गा छुट्टाउन वा सो जग्गाको अतिक्रमण हटाउन सुरक्षा माग गरेमा प्रमुख जिल्ला अधिकारीले आवश्यक सुरक्षाको प्रबन्ध मिलाउनु पर्नेछ ।

१२. यस कार्यविधी बमोजिम यकिन भएको सरकारी र सार्वजनिक जग्गाको पहिचानको लागी देहाय बमोजिमको विवरण भएको बोर्ड राख्नु पर्नेछ ।

यो जग्गा नेपाल सरकारको हो ।

जग्गाको विवरण

जग्गाको प्रकृती - सरकारी/सार्वजनिक

कित्ता नम्बर - .....

सिट नं/नक्शा नं -

क्षेत्रफल -

स्थानिय तह -

वडा नं -

१३. बुँदा १० बमोजिम स्थानिय तहले राखेको बोर्ड हटाउने व्यक्तिलाई प्रचलित कानुन बमोजिम प्रमुख जिल्ला अधिकारीले आवश्यक कारवाही गर्नेछ।

१४. स्थानिय तहले सरकारी र सार्वजनिक जग्गाको संरक्षण र पहिचानको लागि व्यक्तिगत जग्गा र सरकारी एंव सार्वजनिक कुन प्रकृतिको जग्गा हो सो छुट्टीने गरी छुट्टाछुट्टै रंगबाट देखिने गरी सरकारी र सार्वजनिक जग्गाको प्रोफाईल तयार गर्नु पर्नेछ।

१५. बुँदा १४ बमोजिमको प्रोफाईल तयार गर्ने प्रयोजनको लागी स्थानिय तहले सम्बन्धित मालपोत कार्यालय र नापी कार्यालयलाई अनुरोध गर्न सक्नेछन ।

१६. बुँदा १५ बमोजिमको स्थानिय तहको अनुरोध प्राप्त भएमा सम्बन्धित नापी कार्यालयले सम्बन्धित मालपोत कार्यालय सँगको समन्वयमा नक्शा तयार गरी स्थानिय तहलाई उपलब्ध गराउनु पर्नेछ ।

१७. बुँदा १४ बमोजिमको तयार भएको सरकारी र सार्वजनिक जग्गाको प्रोफाईल अभिलेख प्रयोजनको लागी स्थानिय तहले सम्बन्धित प्रदेश सरकारलाई पठाउनु पर्नेछ।